## पाइलाको छाप खोज्दै:

दागाना दक्षिणी भुटानको एउटा जिल्ला हो जसको मुख्यालय दागा जोङ्गमा छ। दागाना जिल्लाको सिमाना पश्चिममा थिम्पु र छुका जिल्ला, उत्तर र पूर्वमा क्रमशः वाङ्ग्दि र सिराङ जिल्ला र दक्षिणमा भारतीय राज्य पश्चिम बंगाल छन्। दागा जोङ्गमा शासन गर्ने दागा पेन्लोप(प्रान्तीय गभर्नर, शाब्ड्रुङ्गको सरकारमा मन्त्रिपरिषद्को सदस्य ) को सीट थियो। त्यसैले दागाको भुटानको इतिहासमा महत्व छ।

शाब्ड्रुङ्ग्ले दागाका मानिसहरू अधर्मको गुटको रूपमा भेट्टाए, त्यसैले उनले १६४८ मा ड्रुक नामग्यालको नेतृत्वमा आफ्ना सेनाहरू तिनीहरूलाई नियन्त्रण गर्न पठाए। ड्रुक नामग्यालले इलाकालाई नियन्त्रणमा ल्याएपछि शाब्ड्रुङ्ग्ले १६५१ मा दगाप् तेन्पा थिन्लेलाई दागाको पहिलो पेनलोप नियुक्त गरे। उनलाई आक्रमणकारी सेनाहरूबाट देश र दक्षिणका जनताको रक्षा गर्ने जिम्मेवारी सुम्पियो।

दागापेला दागाना जिल्लाको एउटा उपविभाग हो जसमा टाशीदिन, सुन्तोले, गोशी, इमिरे र दोरोना ब्लक समावेश छन्। नेपाली भाषी बसोबास गर्नेहरूको आवश्यकता पूरा गर्न १९३० को दशकको शुरुमा दागापेला उपविभाग स्थापना गरिएको थियो, यसको उप-विभागीय मुख्यालय गोशीमा रहेको छ।

जातीय खेङ र ङ्गालोङका दश परिवारहरू ८० को दशकसम्म गोशी र मजुवा गाउँमा बस्थे। भुटानका फूड कर्पोरेशन (FCB) का ठेकेदार श्री जिग्मे ड्रुक्पा (शारछोप) र सेवानिवृत्त प्रहरी श्री पासाङ छिरिङ (ङ्गालोङ) ले १९८० को दशकको उत्तरार्धमा गोशी बजारमा घर बनाए र स्थायी रूपमा बसोबास गरे। सन् १९९० सम्ममा स्थायी रूपमा कुल ड्रुक्पा परिवारको संख्या दागापेला उपविभागमा बस्दै आएका १२ पुगेका थिए। सेप्टेम्बर १९९० सम्म दागापेला

उपखण्ड लगभग २७०० परिवारहरू निवास गर्थे जसमध्ये ९९ % जातीय नेपाली थिए।

छ दशकको अवधिमा दागापेलामा तेह्र एसडीओ (सब डिभिजनल अफिसर) ले प्रशासनमा सेवा गरे। श्री जेठा बाबु (उपनाम) पहिलो एस०डी०ओ० र डुङ्गपा थिन्ले अन्तिम एस०डी०ओ० थिए।

श्री बिख बहादुर गुरुङले सन् १९४० देखि १९६० को दशकको शुरुवात सम्म एसडीओ कार्यालयमा क्लर्क (बैदार) को पदमा र १९६० देखि १९८० को दशकको सुरुवात सम्म इमिरे ब्लकको मण्डल (गाउँ प्रमुख) को रूपमा सेवा गर्नुभयो। ५० वर्ष भुटान सरकारमा सेवा गरेका अनुभवी जनसेवक श्री गुरुङ नेपालमा टिमाई शरणार्थी शिविरमा बस्दै आएका थिए।

नागरिक उखेलिए पछि सरकारले सुन्तले र इमरे ब्लकको नाम क्रमशः सेन्डागाङ र गेसरलिङ राखेको छ, गोशी र टाशीदिन ब्लकको हिज्जे परिवर्तन गरे पनि दोरोना ब्लकको नाम कायम राखेको छ।

दागापेलाको प्रारम्भिक बासिन्दाहरूको बारेमा पौराणिक कथा दगापेला वर्षौं सम्म मौसमी चराउने भूमि (खोरिया) थियो; जसमा पहाडबाट गाई वस्तु गोठालाहरू शरद ऋतुको अन्त्यमा आइ पुग्थे र वसन्तको शुरुमा फर्किन्थे। बिस्तारै, केही गाई गोठालाहरू दागापेलामा स्थायी रुपमा बस्न थाले। हालको सुन्तले डाँडामा इ फिरन्तेहरूले पूजाको लागि मन्दिर (गुम्बा वा माने) निर्माण गरेका थिए। त्यहाँ बस्ने परिवारहरू गोम्पाको छेउ छेउमा बस्थे। दुर्भाग्यवश, अठार सयको पहिलो अवधिमा आगो लगायो र सम्पत्तिको ठुलो क्षति, र धेरै मानिसको मृत्यु भयो।

आगलागीपछि एउटा सङ्क्रामक रोगले महामारी ल्यायो र धेरैको ज्यान लियो। कतिपय परिवार पूरै मेटिएका छन् (कथित रूपमा अपुताली भयो)। त्यो घातक रोग लाग्ने डरले ति गोठालाहरू दागापेलाबाट भागे र फर्किन डराउँथे। महामारीले जनसङ्ख्या निकै घट्यो र जमिन खेती विहीन रह्यो।

## नेपाली बस्ती बारे गाथा

चौधौं दागा पेनलोप "पेन्लोप सिथुब" जसलाई नेपाली भाषीहरूले 'सेतु राजा' वा 'दगा राजा' भनेर चिन्दथे, उनले दागापेलाको खाली, खेती नगरेको जमिनमा नेपाली भाषीहरूलाई बसोबास गर्न प्रोत्साहित गरे । सेतु राजाले चिराङ्ग र लामिडाँडाको तुलनामा कम कर दर प्रस्ताव गरेको हुनाले, उनी दगापेलाका प्रारम्भिक नेपाली बसोबास गर्नेहरू माझ लोक नायक नै मानिन्थे। चिराङ्ग र लामिडाँडामा भर्खरै बसोबास गरेका वा बसोबास गर्न लागेका परिवारहरू दागा राजाको प्रस्तावबाट आकर्षित भएर दगापेलामा बसाइँ सरेका थिए। तिनीहरू पाँचदेखि दश परिवारको सानो समूहमा बसोबास गर्न थाले, थोरै बिस्तारै सबै दगापेलामा फैलियो क्रमशः पछिल्ला वर्षहरूमा संख्या बढ्दै गयो।

## दागापेलामा पहिलो नेपाली जाति कहिले बसोबास गरे ?

ऐतिहासिक प्रमाणहरूले देखाउँछ कि पन्ध्र पेनलोपहरूले १६५१ देखि १९०७ सम्म दागानामा शासन गरे जसमा पेनलोपको औसत कार्यकाल १७.०६ वर्ष थियो। पेनलोप 'सिथुब' नेपाली भाषीहरूले "सेतु राजा" भनेर चिनिने दोस्रो अन्तिम पेन्लोप थिए जसले सम्भवतः सन् १८७३ र १८९० को बीचमा शासन गरेका थिए। यस प्रमाणले देखाउँछ कि पहिलो जातीय नेपाली परिवारहरूलाई लगभग १८८० इस्वीमा दागापेलामा बसोबास गर्न आमन्त्रित गरिएको थियो।

दुर्भाग्यवश, ती नयाँ बसोबास गर्नेहरू, सबै जातीय नेपालीहरूले पनि त्यो सङ्क्रामक रोगको सामना गर्नु पर्यो जसले धेरै मानिसहरूको ज्यान लियो। कतिपय घरपरिवार यस्तै नियति भोग्न पर्ने डरले लामिडाँडा फर्किए । महामारीबाट बाच्नेहरूले महामारीको लागि रामवाण उपायको रूपमा स्थानीय देवी देवताहरूको अनुष्ठान गरे ।

दागापेला बासिन्दाले हरेक वसन्त ऋतुमा देवी पुजा र संसारी पुजा र

तीन वर्षमा विश्वशान्ति यज्ञ गर्ने गर्दथे। यो पहिलो नेपाली भाषी बसोबासको सुरुवात देखि स्थापित एक परम्परा थियो। प्रत्येक गाउँ र ब्लकमा ती अनुष्ठानहरू पालन गर्नका लागि विशेष ठाउँहरू थिए।

परिवारका सदस्य, साथीभाइ, आफन्त र छिमेकीको मृत्युले चकनाचूर भएका ती जातीय नेपाली परिवारहरू विस्तारै अगाडि बढे। खेतीपाती र गाई वस्तु पालन जीविकोपार्जनको मुख्य साधन थियो। नुन, मसला, भाँडाकुँडालगायत अत्यावश्यक घरायसी वस्तुहरू किन्न प्रशोधन नगरिएका दुग्ध जन्य पदार्थ, चना, दाल बेचेर सात दिन (एकतर्फी) हिँडेर बदरङ्गा हुँदै आसामको कच्छुगाउँ सम्म र यता कालीखोला कुल्कुले सम्म पुग्थे।

बिस्तारै उनीहरू आफ्ना प्रियजन गुमाएको शोकबाट मुक्त भए, वातावरणसँग मिलिजुली सभ्यताका साथ बाँच्न थाले। तर डुक्पा घुमन्तेहरू र पहाडका गोठालाहरू भारतबाट धेरै दिनको यात्रा गरेर ल्याएका, अन्न र नुन लुट्न समूह बनाएर आउन थाले। त्यसपछिका वर्षहरूमा यस्तो बर्बर लुटपाटको आवृत्ति बढ्यो। यस्तो जबरजस्ती विरुद्ध लड्न, नेपाली परिवारहरूले आफैंलाई पुन: सङ्गठित गरेर साना समूहहरू मिलाएर ठूला समूहहरू बनाए। यी सङ्गठित स्थानीय समूहहरूले यी बर्बर गोठालाहरूलाई ढुंगा मुडा गर्दै दागाजोङको सीमासम्म पुर्‍याएर घर फर्कने गर्थे, यो अन्ततः रोकियो।

बीसौं शताब्दीको अन्त्यसम्ममा धनवीर बुढाथोकी(मुखतियार) र पशुपति अधिकारीको नेतृत्वमा चिराङ्ग र लामिडाँडामा नेपाली भाषीहरूको औपचारिक बसोबास तीव्र गतिमा भएको थियो। अनौपचारिक बस्तीले धेरै जनता आकर्षित गर्न नसकेको र दागा पेनलोपले अपेक्षा गरेअनुसार राजस्व उत्पन्न नगरेकोले, उनले औपचारिक बस्तीमा जाने निर्णय गरे नेपालीको औपचारिक बसोबास सुरु गरे। (पदम रिजाल द्वारा प्रस्तुत - लेखक द्वारा पूर्ण

रूपमा संपादित)

************************************************************